आज मिति २०८१ साल असार ७गते शुक्रवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत
2081/3/6

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

2081/3/6
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. योजनाहरुको म्याद थप सम्वन्धमा
२. मान्दुङ्गा खोलाको वोलमत्रको आसयपत्र प्रकाशन सम्वन्धमा
३. अपुग पारिश्रमिक भुक्तानी सम्वन्धमा
४. प्रशासनीक खर्च शिर्षकको रकम रकमान्तर सम्वन्धमा
५. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं १ माथि छलफल भइ तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण | योजना सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|
| १ | चण्डीथान पिकनिक स्पोर्ट आमचोक-६ | २०८१।०२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको | २०८१/०३/२० |
| २ | वयाङ भलिवल खेलमैदान स्तर उन्नती आमचोक-६ | २०८१।०२।३० | समयमा स्काभेटर मेसिन नपाएको | २०८१/०३/२० |
| ३ | सरस्वती मा.वि. खानेपानी ढल निर्माण आमचोक-२ | २०८१।०२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको | २०८१/०३/२० |
| ४ | पखुवा देविथान धारा निर्माण आमचोक-२ | २०८१।०२।१५ | दक्ष मिस्त्रि समयमा नपाएको | २०८१/०३/२०२<br>०८१/०३/२० |
| ५ | दिवाहाङ्ग कृषि समुह | २०८१।२।२५ | मौषम अनुकुल नभएको | २०८१/०३/२० |
| ६ | धेवाचन सामुदायिक भवन आमचोक-४ | २०८१।२।३० | दक्ष मिस्त्री समयमा नपाएको | २०८१/०३/२० |
| ७ | गैरीगाउँ खानेपानी ट्यान्की मर्मत आमचोक -८ | २०८०।१२।३० | दक्ष मिस्त्रि समयमा नपाएको | २०८१/०३/२० |
| ८ | कुशगाउँ खानेपानी निर्माण तथा पाईप खरिद आमचोक -९ | २०८०।१२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको | २०८१/०३/२० |
| ९ | मगरमुखा तथा रजेया खानेपानी ट्यान्की मर्मत तथा ब्यवस्थापन आमचोक -९ | २०८०।१२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको | २०८१/०३/२० |
| १० | वतासे दाङ्खा बोवेक महादेवस्थान सडक मर्मत आमचोक-२ | २०८१।२।३० | समयमा स्काभेटर मेसिन नपाएको | २०८१/०३/२० |
| ११ | धर्मशाला चौतारा सामुदायिक वन उपभोक्ता समिति भवन निर्माण आमचोक -९ | २०८१।२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको | २०८१/०३/२० |

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यालय बालंखा, भोजपुरलाई प्रदेश सरकार र गाउँपालिकाको कार्यालयबाट एक घरं एक धारा कार्यक्रम स्वीकृत भइ ठेक्काको लागि रकम विनियोजन भएवमोजिम उक्त कार्यको खरीद न. ARM/ NCB /WORKS/04/2080-081"Construction Of Hattipaile Mandangma Khola Khanepani Yojana (Ek Ghar Ek Dhara-III Phase" कायम गरी इ-बिड मार्फत आव्हान गरी सो को सूचना मिति २०७८-०१-१८ गते रास्ट्रीय दैनिक पत्रिकामा प्रकाशित भएको इ-बिड मार्फत अन्तिम मितिसम्म २(दुइ) ओटा बोलपत्र M/S IMPERIAL / WIND HORSE JV, Janakpur Sub Metropolitan City-23, Janakpurdham र M/S Aakash Nirman Sewa, Melamchi, Sindhupalchok को प्रबिधिक पक्ष को प्रस्ताब यस आमचोक गाँउकार्यपालिका बालंखाबाट स्वीकृत भइ उक्त खरीद नं. ARM/ NCB /WORKS/04/2080-081"Construction Of Hattipaile Mandangma Khola Khanepani Yojana (Ek Ghar Ek Dhara-III Phase" को आर्थिक प्रस्ताब मिति २०८१/०३/०७ मा खोली यस "Construction Of Hattipaile Mandangma Khola Khanepani Yojana (Ek Ghar Ek Dhara-III Phase" को मिति २०८१/०३/०७ मा बसेको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी पेश गरेको आर्थिक प्रस्ताबको मूल्याङ्कन प्रतिबेदन अनुसार M/S M/S IMPERIAL / WIND HORSE JV, Janakpur Sub Metropolitan City-23, Janakpurdham ले पेश गरेको आर्थिक प्रस्ताब सबै भन्दा कम भएकोले M/S M/S IMPERIAL / WIND HORSE JV, Janakpur Sub Metropolitan City-23, Janakpurdham लाई सार्वजनिक खरीद एन २०६३ को दफा २५ को उपदफा ७

बमोजिम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभाबग्राही मानी आर्थिक प्रस्ताब स्वीकृति हुनेगरी सार्वजानिक खरीद एन २०६३ को दफा २७ र आमचोक गाँपालिकाको सार्वजनिक खरिद नियमावलि २०७६ को दफा ७६ बमोजिम आशयको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई आमचोक गाउँपालिको जनसेवा अस्पतालमा कार्यरत चिकित्सकको थप ७५ प्रतिशत पारिश्रमिक, गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतको २५ प्रतिशत तलव,कृषि शाखामा कार्यरत कृषि स्नातकको २ महिनाको तलव,कृषि शाखामा कार्यरत कृषि प्राविधिकहरुको नपुग तलव र एमआइएस अपरेटर , एमआइएस फिल्ड सहायकको नपुग तलव र सचिवहरुको थप सुविधा नेपाल सरकार राजस्व अनुदान चालु खर्च अन्तर्गत पारिश्रमीक शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई आ.व.२०८०/८१ को चौथौं गाउँसभाले स्वीकृत आमचोक गाउँपालिकाको नेपाल सरकार राजस्व अनुदान चालु खर्च तर्फ तपशिल वमोजिम भुक्तानी गर्न अपुग हुने भएकोले रकमान्तर गरी भुक्तानी दिने ।

| क्र.सं. | नपुग हुने खर्च शिर्षक | नपुग हुने रकम रु. | रकमान्तर हुने शिर्षक | रकमान्तर रकम रु. |
|---|---|---|---|---|
| १ | सवारी साधन मर्मत खर्च | ६,७२,०००/ | स्वास्थ्य संस्थाहरुलाई सहायता | ६,७२,०००/ |
| २ | मसलन्द तथा कार्यालय सामाग्री | १४,००,०००/ | पारिश्रमिक कर्मचारी | २३,००,०००/ |
| ३ | पत्रपत्रिका छपाई तथा सूचना प्रकासन खर्च | ७,००,०००/ | अन्य सहायता | ४,००,०००/ |
| ४ | भ्रमण खर्च | ८,००,०००/ | पदाधिकारी वैठक भत्ता | १०,००,०००/ |
| ५ | शैक्षिक संस्थाहरुलाई सहायता | ५,००,०००/ | - | - |
| ६ | अन्य भत्ता | ३,००,०००/ | - | - |
| | **जम्मा (त्रिचालिसलाख वहत्तर हजार मात्र)** | **४३,७२,०००/** | | **४३,७२,०००/** |

**निर्णय नं.५**

प्रस्ताव नं. ६ माथि छलफल भई माग भएको र औचित्यको आधारमा तपशिल वमोजिम आर्थिक सहायता उपलव्ध गराउने ।

क) नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकदेखि याक चौंरी कृषक महासंघ नेपालको प्रथम महाअधिवेशनको लागि रु.१००००। (अक्षेरुपी दशहजार मात्र) नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकदेखि भुक्तानी दिने ।

ख) आमचोक ६ निवासि श्री विरवहादुर राईको छोरा अजय राई र श्री टंकवहादुर दर्जिको छोरा सुदिप दर्जि मिति २०८०/१२/२८ गतेको दिन दुधकोशी नदिमा पौडी खेल्ने क्रम्मा दुवि मृत्य भएको प्रहरीको मुचुल्का र गरिव परिवार भएको वडा कार्यालयको सिफारिसको वमोजिम र पोष्टमार्टम गर्न विपि कोइराला विज्ञान प्रतिष्ठनमा लाँदा भएको भाडा खर्च वापतको .२००००/२००००। (अक्षेरुपी विस/विस हजार मात्र) दुवैको अभिभावकलाई भुक्तानी दिने ।

ग) आमचोक २ निवासी श्री जगधन राईको घर वर्षातको कारण भत्किएको र निज गरिव परिवार भएको वडाको सिफारिस वमोजिम उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००।(अक्षेरुपी दशहजार मात्र) भुक्तानी दिने ।

घ) टेम्केमैयुङ गाउँपालिका वडा नं ४ निवासी भू.पू. उपप्राध्यपक श्री कमलजंग राईद्वारा लिखित पुस्तक साक्खेवा सिली पुस्तकको विल वमोजिमको रु.२००००।(अक्षेरुपी विसहजार मात्र) पत्रपत्रिका छपाई तथा सूचना प्रकासन खर्च शिर्षकवाट भुक्तानी दिने ।

ङ) कल्पवृक्ष प्रतिष्ठान,कामाख्या प्रतिष्ठान र अन्य विज्ञापन एजेन्सिहरुवाट प्राप्त पुस्तक,गाउँपालिकाको सुभकामना विज्ञापन र अन्य सूचना वापतको रकम पत्रपत्रिका छपाई तथा सूचना प्रकासन खर्च शिर्षवाट विल वमोजिम भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/3/6

2081/3/6